, 2021 Volume 3 Issue 2
ISSN 2795-1774 (Print), 2795-1782 (Online)Peer Reviewed Research Article

Open Access

# सङ्गीतमा घराना सम्बन्धी अवधारणा : एक विश्लेषण

Wenkatesh Dhakal[1]*
[1]Lecturer in Tabala at Lalitkala Campus, Tribhuvan University
*Corresponding Author: wenkateshdhakal8@gmail.com

**Citation:** Dhakal, W. (2021). **सङ्गीतमा घराना सम्बन्धी अवधारणा : एक विश्लेषण.** *Journal of Fine Arts Campus, 3*(2), 75-84.

**लेखसार:**घराना वा घरानेदार भन्ने शब्दले शास्त्रीय सङ्गीतको क्षेत्रमा विशेष स्थान वा विशिष्टता बुझिने गर्दछ। दक्षिण एसियाली शास्त्रीय सङ्गीत अन्तर्गत घरानेदार एवं संस्थागत दुई प्रकारबाट सङ्गीत सिक्ने प्रचलन रहीआएको छ। घरानेदार शिक्षा विशेष गुण एवं प्रतिभा भएका विद्यार्थीहरूलाई मात्र प्रदान गरिने प्रचलन रहेको छ। परम्परा एवं घरानामा तात्विक भिन्नता हुने हुँदा कुनै विशेष परम्परालाई घरानाको मान्यता प्राप्त हुनका लागि नितान्त आवश्यकता पर्ने अवयव के के हुन् ? भारत वर्षीय शास्त्रीय सङ्गीतमा कुन-कुन घराना हाल विद्यमान रहेका छन् ? शास्त्रीय सङ्गीत सिक्ने सिकाउने प्रक्रियामा गण्डा बन्धन के हो र यसको महत्व किन छ ?साथै वर्तमान समयमा घरानेदार शिक्षण पद्धति किन आवश्यक छ ? आदि प्रश्नहरूको उत्तर प्रस्तुत लेख मार्फत खोज्ने प्रयत्न गरिएको छ। प्राथमिक साक्षात्कार एवं द्वितीयक श्रोतको विभिन्न पुस्तक, शोधग्रन्थ, लेखहरूको सहयोगमा प्रस्तुत लेख विश्लेषणात्मक रूपमा तयार गरिएको छ। खोजको क्रममा नेपाल र भारतमा हाल प्रचलनमा रहेका घरानाको बारेमा उपलब्ध जानकारी प्रस्तुत गरिएको छ। प्रस्तुत लेखले दक्षिण एसियाली राष्ट्रहरूमा सङ्गीतको व्याकरणको रूपमा रहेको शास्त्रीय सङ्गीत अन्तर्गत भारत एवं नेपालमा घरानाको अवधारणा कस्तो रहेको छ भन्ने बारेमा शास्त्रीय सङ्गीत प्रति रूचि राख्ने विद्यार्थीहरू एवं शोध कर्ताहरूलाई आवश्यक जानकारी प्राप्त हुनेछ।

**शव्दकुञ्जिहरु: गण्डा बन्धन, घराना, नेपाल, परम्परा, शास्त्रीय सङ्गीत।**

## परिचय

दक्षिण एसियाली राष्ट्रहरूमा प्रचलित सङ्गीतहरू मध्ये शास्त्रीय सङ्गीत पनि एक हो। यस राष्ट्रहरूमा प्राचीनकालदेखि प्रचलनमा रहेको शास्त्रीय सङ्गीतको क्षेत्रमा तुलनात्मक रूपमा भारत अग्रस्थानमा रहेको छ। त्यसको प्रमुख कारक तत्वको रूपमा तुलनात्मक दृष्टिकोणले अन्य राष्ट्रहरूमा भन्दा भारतमा दिनानुदिन शास्त्रीय सङ्गीत सम्बन्धित विविध कार्यहरूको आयोजना हुनु नै हो। दक्षिण एसियाली अन्तर्गत भुटान बाहेकका देशहरूमा पनि शास्त्रीय संगीतमा विभिन्न क्रियाकलापहरू हुँदै नभएको भने होइनन्। भारतमा हालसम्म पनि घरानाको मूल्य एवं मान्यताको सिद्धान्तलाई पछ्याउँदै शास्त्रीय सङ्गीतको तालीम हुने गरेको प्राप्त हुने गर्दछ। शास्त्रीय सङ्गीत अन्तर्गत सर्वाधिक कार्य हुने गरेको उत्तर भारतमा ८औं देखि १८औं शताब्दीसम्म मुस्लिम आधिपत्य रहेको थियो। त्यस बिचमा नै प्राचीनकालदेखि चलिआएको वैदिक सङ्गीत यवन संस्कृति अनुसार विभिन्न परिवर्तन हुँदै वर्तमान अवस्थासम्म प्राप्त भएको हो। त्यस समयमा समाजमा विशिष्ट छाप भएका हिन्दु एवं मुसलमानहरूद्वारा शास्त्रीय सङ्गीतको तालीम वंश एवं गुरुपरम्पराबाट अगाडि बढिरहेको थियो (मराठे, सन् १९९१)। १३औं शताब्दी पछि उत्तर भारतमा प्राचीन एवं मुस्लिम सङ्गीतको मिश्रणद्वारा निर्माण भएको नयाँ शैलीले नै घरानाको स्वरूप धारणा गरेको देख्न सकिन्छ (Courtny, 2021)। सन् १८५७ को आसपास लिखित करम इमामको पुस्तक 'मऊदन-उल -मुसिकी' मा घरानाको प्रथमतः उल्लेख प्राप्त हुन्छ (मराठे, सन् १९९१)। घरानाको परिभाषा, स्थापना कसरी हुने गर्दछ, मानक के-के हुन्छन्? आदि कुरामा विद्वानहरूको विभिन्न लेखमा विश्लेषण गरिएको छ। विभिन्न नेपाली विद्वानहरूका पुस्तकमा नेपालमा पनि शास्त्रीय सङ्गीत अन्तर्गत विभिन्न घरानाहरू विद्यमान रहेको छ भन्ने जानकारीका आधारमा त्यसको बारेमा अध्ययनगरी उल्लेख गरिएको छ। अध्येताका अनुसार नेपालका साङ्गीतिक घरानामा रहेका विशेषताहरू उल्लेख गरिनुका साथसाथै समस्याहरुको बारेमा लेखमा जानकारी प्रदान गरिएको छ।

## घराना के हो ?

घरानाको प्रत्यक्ष सम्बन्ध परिवार भन्ने अर्थमा लिन सकिन्छ। एकै गुरुबाट विद्या प्राप्त गरेका सबै शिष्य परिवार एकै घराना हुन्छन्(मिस्त्री,सन् २०००)। सङ्गीतमा घराना भन्नाले त्यस्तो पारिवारिक परम्परा जसमा निश्चित पद्धति, नीति, नियम आदि द्वारा निर्देशित भएर गायन, वादन र नृत्यको तालिम प्रदान गरिने प्रचलन रहेको हुन्छ। जसमा अविछिन्न रूपमा केहि मान्यताहरू चलि आउने गर्दछ (श्रीवास्तब,सन् २०१०)। यस अर्थमा कुनै विशेष नियम, सिद्धान्तसँग बाँधिएको एउटा छुट्टै शैलीलाई सङ्गीतको क्रियात्मकताको आधारमा प्रत्येक घरानामा रहेको अन्तरको अनुभव गर्न सकिन्छ। घरानाको निर्माण असाधारण प्रतिभाशाली, प्रबल महत्वाकांक्षी एवं विधागत विशेष कार्य गर्न

Open Access

सक्ने क्षमतावान् व्यक्तिले परम्परागत विद्या वा वादनशैलीमा अभिनव, सुन्दर कल्पना एवं पृथक दृष्टिकोणसहितको विशिष्टता दर्शन गराउन समर्थ हुने गर्दछ, भनेमात्र कालान्तरमा त्यो घरानाको रूपमा स्थापित हुने गर्दछ( मिस्त्री,सन्२०००) ।

नेपालमा घरानाको बारेमा विद्वानको धारणा यस प्रकार रहेको छ । घराना वा परिवार एक विशेष शैलीको गायन, वादन एवं परम्परागत रूपमा व्यक्तिगतशैलीको विशेषता हो । तिनीहरूले सङ्गीते परम्परा र सङ्गीत रचनाहरू जोगाउनुका साथसाथै प्रतिभाशाली विद्यार्थीहरूले आफ्नै व्यक्तिगत योगदान थप्छन् र वाद्ययंत्र बजाउने र गाउने नयाँ शैली सिर्जना गर्छन्(Regmi, 2003)। भारतको उत्तरी भेगमा मुस्लिमहरुको शासन भएको हुँदा घराना पद्धतिको विकाश भएको देख्न सकिन्छ । मुस्लिमद्वारा शासन हुन नसकेको कर्नाटक सङ्गीतपद्धतिमा पोरुनार, पन्नार, विरालियार, इस्सैपन्नार, यालपन्नार आदि परम्पराद्वारा सङ्गीत अगाडी बढेको थियो (मराठे,सन् १९९१)। मुस्लिम आक्रमणको चपेटामा परेका दक्षिण भारतमा सङ्गीत कारहरुले मन्दिर आदिको संरक्षणमा कृष्णसम्प्रदाय,शैवसम्प्रदाय, वैष्णवसम्प्रदाय आदि परम्पराद्वारा सङ्गीत सिक्न थालेका थिए (मराठे,सन् १९९१) । घरानाबारेमा ज्ञान भएपछि कसरी यसको सुरूवात भयो वा उत्पत्तिको बारेमा जान्ने चाहना हुनु स्वाभाविक हो । विभिन्न सङ्गीतका ग्रन्थमा घरानाको उत्पत्ति बारेमा लेखिएका विभिन्न तथ्यहरू यस प्रकार रहेका छन् ।

शास्त्रीय सङ्गीतका घरानाहरूको उल्लेख मध्यकालीन ग्रन्थहरूमा भेटिएको छैन । भारतमा घरानाको उत्पत्ति मध्यकालपछि भएको थियो(मिस्त्री, सन् २०००) । त्यस समय दरवारी कलाकारहरू राजदरबारमा आफ्नो कलाको भिन्न शैलीको प्रस्तुतिद्वारा विशेषस्थान प्राप्त गरेका कलाकारहरूद्वारा आफ्नो कार्यकालपछि सोहिस्थान आफ्ना सन्तानहरूलाई सुरक्षित होस् भन्नका लागि आफ्ना सन्तानलाई मात्र शिक्षा दिने प्रचलन नै कालान्तरमा घरानापद्धती बन्नपुगेको हो (मराठे, सन् १९९१) । भारतको उत्तरी भेगमा प्रचलनमा रहेका शास्त्रीय सङ्गीत अन्तर्गतका तीनओटै ( गायन, वादन एवं नृत्य) विधाको अध्ययनको क्रममा प्रसिद्ध तथा प्रमुख घरानाहरू निम्नरहेको देख्न सकिन्छ ।

- क। ख्यालगायनका घरानाहरुः ग्वालियर, आगरा, दिल्ली, जयपुर, किराना,रामपुर (सहस्वान), मेवाती, बनारस, भिंडी बजार, पटियाला (वसन्त, सन् २०१०&ITC, 2001) ।
- ख। पखावजका घरानाहरु :जावली, मथुरा(कोरिया), पंजाब, कुदऊसिंह, नानापानसे, नाथद्वारा आदिका साथै (मेवाड़,मंगलवेढेकर,बङ्गालका केही परम्पराहरू (मराठे ,सन् १९९१ ) ।
- ग। ध्रुपदका घरानाहरु : शुद्ध वा गोबरहार, खंडहार, डागुर, नोहार (वसन्त, सन् २०१०) ।
- घ। तबलाका घरानाहरु : दिल्ली, अजराडा, लखनऊ, फर्रुखावाद, बनारस, पन्जाब (वसन्त, सन् २०१०) ।
- ङ। सितार वादन घरानाहरु : मैहर, इटावा (इमादाद्खानी), सेनिया, मधुवनी, विष्णुपुर, इन्दौर, लखनऊ, दिल्ली सेनियाका अरू तीनवटा शाखासहित प्रमुख घरानाको मान्यता प्राप्त रहेका छन् (Kumar, 2013)।
- च। कत्थक नृत्यका घरानाहरु : लखनऊ, जयपुर, बनारसलाई मान्यता दिइएको छ (वसन्त, सन् २०१०) ।

तबला विधामा उपरोक्त घराना बाहेक विभिन्न ७ परम्पराहरू रामपुर, ग्वालियर, रायगढ लगायत केही नृत्यकार एवं पखाबज वादकहरूसँग सम्बन्धित परम्परा अन्तर्गत पनि तालीमको प्रचलन रहेको छ(मिस्त्री, सन् २०००) । तबला विधाको सम्बन्धमा केहि समय अघिसम्म पन्जाब एवं बनारसलाई छुट्टै घराना भन्न पुराना एवं दिग्गज कलाकारहरू हिच्किचाउने गरेका थिए । पन्जाब मुलत पखावजको घराना रहेको छ । तबला त्यसको तुलनामा भर्खरमात्र विकाश भएको हुनाले छुट्टै घरानाको रूपमा मान्यताप्राप्त भएको थिएन । केहि पुराना विद्वानहरूका धारणामा बनारसले होनहार कलाकार प्रदान गर्नुका साथै साधनाको बलमा तबला वादनमा चमत्कार पनि देख्न सकिन्छ तर कुनै विशेष रचनाको सृजना भएको छैन भन्ने मान्यता रहेको थियो । वर्तमानमा दुवैलाई अलग घरानाको मान्यता प्राप्त भएको छ (मिस्त्री, सन् २०००)।

## घराना निर्माणको प्रक्रिया र नयाँ घराना

हाल मान्यता प्राप्त शास्त्रीय सङ्गीत अन्तर्गत विभिन्न विधाका घरानाहरू एकै स्थानमा निर्माण भएको देखिँदैनन् । कुनै स्थानमा विधागत रूपमा ख्यातिप्राप्त उस्ताद वा गुरुसँग निश्चित समय शिक्षा प्राप्तिपछि तालीम प्राप्त विद्यार्थी स्थानान्तरण भएर नयाँ घरानाको निर्माण भएको आँकलन गर्न सकिन्छ । तबलामा दिल्लीबाट शिक्षा प्राप्त गरेका मानिसहरू भारतका बिभिन्न स्थानमा गई वादनमा मौलिक परिवर्तन पश्चात विभिन्न ५ वटा लखनऊ, अजराड़ा, फर्रुखावाद, बनारस घरानाको उद्भव भएको मानिएको छ (मराठे,सन् १९९१ ) ।

प्राचीन कालमा विद्याग्रहण गर्न गुरुकुलहरूको स्थापना भएको हुन्थ्यो । सुनेर शिक्षाग्रहण गर्ने गरिने गुरुकुल शिक्षा पद्धतिमा कुशाग्रबुद्धि, स्मरणशक्ति, एकाग, अनुशासित साथै पर्याप्त परिश्रमी विद्यार्थीलाई गुरुले सम्पूर्ण रूपमा विद्या प्रदान गर्ने प्रचलन थियो । सङ्गीतपनि अरू विद्या जस्तै गुरुमुखबाट सुनेर नै सिक्ने प्रचलन रहेको थियो । त्यस

परम्पराकै अनुसरणगरी विभिन्न घरानेदार शिक्षण पद्धतीमा वर्तमानमा पनि लिखित रूपमा तालीम दिने प्रचलन रहेको छैन (Parikh,2018) । विद्यार्थीले गुरुसँग प्राप्त गरेको शिक्षामा आफ्नो पनि विवेक प्रयोगगरी त्यसलाई अरूमाझ साझागर्दै परम्परागतरूपमा अगाडि बढ्ने गर्ने गर्दथ्यो । परम्परागतरूपमा प्राप्त सङ्गीतको निरन्तर अभ्यास एवं चिन्तनद्वारा मौलिकताको रक्षा गर्दै नव सिर्जनाकासाथमा कालान्तरमा केही उल्लेख्य सकारात्मक परिवर्तन हुने गर्दथ्यो । कलाकारद्वारा हुनगएको सिर्जनात्मक अभिव्यक्तिको प्रयोग गर्ने चलन कालान्तरमा छुट्टै घरानाको रूपमा स्वीकार गरिन्थ्यो(वसन्त,सन् २०१०)।

वर्तमान समयसम्म शास्त्रीय सङ्गीतका विभिन्न विधाहरूमा प्रचलनमा रहेका घरानाका अलावा नयाँ घराना किन निर्माण हुन सकेका छैनन् भन्ने प्रश्न डा. मनोज कुमार मिश्रसँग भएको थियो । उनका अनुसार आफ्ना समयका अति प्रसिद्ध तबला वादकहरू उ.अहमद जान थिरकवा, उ.अमिर हुसैन खाँ, पण्डित किशन महाराज, उ.करामत्तुला खाँ, उ.अल्लारखा खाँ आदि विश्वप्रसिद्ध तबलावादकहरू पनि नयाँ घराना निर्माण गर्न असमर्थ भएका थिए । यस सन्दर्भमा नेपालका अनुसन्धान कर्ताद्वारा तबला वादक उ.आमिर हुसैन खाँले बम्बई, उ.अहमद जान थिरकवामुरादावाद तथा उ.ईमामवक्स चुडियावालले भटोला घराना निर्माण गर्न असमर्थ हुनुभएको उल्लेख गरेका छन् । नयाँ घराना निर्माणको लागि पं.ज्ञान प्रकाश घोषको वादन शैलीलाई कलकत्ता घराना भनाउन पण्डित रबि शंकरजीले आग्रह गरेका थिए( Chatarjee, 2018) । तालयोगी प्रसिद्धि कमाएका तबला वादक सुरेश तलवलकर स्वतन्त्र वादनमा हालसम्म कसैले पनि प्रयोग नगर्नु भएको तरिका अपनाका भएता पनि फर्रुखावाद घरानाकै कलाकारका रूपमा रहेका छन् । उपरोक्त तथ्यका आधारमा वादन शैलीमा भएको परिवर्तन मात्र घराना कहलाउन उपयुक्त नहुने रहेछ भन्न सकिन्छ ।

शास्त्रीय सङ्गीतमा घरानाको मान्यता प्राप्त कसरी हुन जान्छ ? यो आफैमा महत्वपूर्ण प्रश्न हो । त्यसलाई कुन आधारमा मान्यता प्रदान गर्ने र कसले गर्ने ? भारतमा यस विषयमा व्यक्ति, समूह, तत् विषयका विद्वान वर्गको निकै गम्भीर विचार रहेको देख्न सकिन्छ । यस विषयमा बनारस घरानाका तबला विधाका विद्वान शारदा सहायका अनुसार कुनै पनि विधामा उल्लेख्य परिवर्तन हुनका लागि त्यस विषयमा निरन्तर कार्य गरिनु अपरिहार्य रहन्छ । त्यस प्रकारको कार्य हुनकालागि कमसेकम पाँच पिँढीदेखिको महत्वपूर्ण योगदान रहेको हुन्छ (BABA, 2021)। शास्त्रीय तबलावादनको विधामा बनारस घरानाको पृथकता निम्न अनुसार रहेको देख्न सकिन्छ । जसमा हातको रखाइ, रचानागत विशेषता, लयकारिको उपयोग, लयात्मकता, ध्वनिको रचनामा प्रगति, शब्दको समावेश, निकाश, वर्णवादन प्रक्रिया, स्वतन्त्र वादन प्रक्रिया आदिमा स्पष्ट अन्तर अनुभव गर्न सकिन्छ ।

विद्वान्हरूका अनुसार घरानाको मान्यता प्राप्त हुनका लागि निम्न विशेषता हुनुपर्नेछः

क। एउटा विषयमा कम्तिमा पाँचपुस्ता देखि निरन्तर योगदान ।

ख। विभिन्न विधामा प्रचलनमा रहेको तरिकाभन्दा नितान्त अलग ।

ग। वादनशैली, चलन, स्वर वा वर्ण संयोजनका आधार विद्वान्हरूद्वारा मान्यताप्राप्त ।

प्रचलनमा रहेका शास्त्रीय सङ्गीत अन्तर्गत हरेक घरानामा नियाल्ने हो भने माथि वर्णन गरे अनुरूप नै भिन्नता प्राप्त गर्न सफल हुन सकिन्छ । शास्त्रीय सङ्गीतको निरन्तर अभ्यास गर्ने एवं घरानेदार तालीम प्राप्त व्यक्तिले मात्र त्यस प्रकारको भिन्नता ठम्याउन सक्ने हुन्छ । वर्तमान समयमा संस्थागतरूपमा सङ्गीत शिक्षा प्राप्त गरेका श्रोताहरूमा त्यस प्रकारको अनुभवगर्ने क्षमताको विकाश हुन पाउँदैन । विभिन्न विधामा घरानेदारशैली अन्तर्गत प्रयुक्त गायन, वादन एवं नृत्यका शूक्ष्मतालाई छुट्टयाउने र सहीसँग प्रस्तुत भएको छ वा छैन मापन गर्नका लागि माथि उल्लेख गरिएको आधारहरु आवस्यक पर्दछन् (Traditions, 2008)।

## वाज एवं परम्परा

वाज, घराना, एवं परम्परा शास्त्रीय सङ्गीतमा प्रयोग हुने शब्दावलीहरू हुन् । जसरी गायनको शैलीलाई गायकी भन्ने गरिन्छ त्यसैगरी वादन शैलीलाई वाज भन्ने गरिन्छ । तबलामा दुईवटा वाज रहेका छन् । पूर्वी एवं पश्चिम, वादनको लक्षण अनुसार वाजको पहिचान हुने गर्दछ । वाज अन्तर्गत विभिन्न घराना पर्ने गरेको देखिन्छ । पूरब वाज अन्तर्गतको वादन शैलीमा खुलापन, जोरदारी, छन्दको कार्य, लग्गी, लडी वादन, कत्थक नृत्यमा सङ्गीतको लागि उपयुक्त शैली यसका विशेषता अन्तर्गत पर्दछन । लखनऊ, फर्रुखाबाद, बनारस घराना यसअन्तर्गत पर्दछन् । पन्जाब घराना पुरब वाजसँग नजिकको घराना मानिएको छ (श्रीवास्तब,सन् २०१०) । पश्चिम वाजमा मध्यमा एवं तर्जनी दुईवटा औंला, किनारमा केन्द्रित वादन,कोमलाताका साथमावादन प्रमुख विशेषता मानिएको छ । दिल्ली, अजराडा घराना यस अन्तर्गत आउँदछ (श्रीवास्तब,सन् २०१०) । सितारमा तीनप्रकारका मसीतखानी, रजाखानी एवं अमीरखानी वाज प्रचलनमा रहेका थिए (पाटणकर, सन् १९८२) । कुनै पनि विषयमा आफ्ना अग्रज, गुरु, पितापुर्खाबाट ग्रहण गरिएको ज्ञान,सिप एवं कलालाई जस्ताको तस्तै अर्को पुस्तामा हस्तान्तरण गरिने प्रकिया नै परम्परा हो । यस

अन्तर्गत सङ्गीतका कुनै पनि विधामा स्थापित मान्यता अनुसार गायन, वादन एवं नृत्यगर्ने तरिका, ज्ञानको धारणा, अनुशरण एवं हस्तान्तरण गर्ने गरिन्छ । यसर्थमा परम्परा र घराना बीच केहि तात्विक भिन्नता रहेको पाइन्छ (पौडेल, २०७७) ।

## नेपालमा सङ्गीत घराना

सामवेदवाट उत्पन्न भएको सङ्गीतको प्रचलन नेपालमा प्राचीन कालदेखि नै रहेको थियो भन्ने प्रमाण नाट्यशास्त्रमा उपलब्ध रहेको छ (शमशेर,२०७१)। हाल प्रचलनमा रहेको शास्त्रीय सङ्गीत राणाकालमा सर्वोपरी रहेको थियो । राणाहरूको समयमा दरबारमा मात्र सीमित भएको शास्त्रीय सङ्गीतको सर्वसाधारणहरूले रसास्वादन गर्न पाएका थिएनन्(Pokharel, 2019) । नेपालमा प्रचलित शास्त्रीय सङ्गीतका विभिन्न घराना भए तापनि विधागत विषयमा भएको परिवर्तन बारेमा जानकारी प्राप्त गर्न कठिनाई रहेको छ । पहिलेका कलाकारहरुले वादन गर्नुभएको अभिलेख सहज रूपमा प्राप्त नहुनुले यस्तो समस्या आएको हो भन्न सकिन्छ । शास्त्रीय सङ्गीत, गायन, वादन एवं नृत्यको क्रियात्मकताका आधारमा घराना एवं परम्पराको बारेमा जानकारी तथा वर्गीकरण गरिने हुँदा सङ्गीतका कलाकारहरूद्वारा नै यस कार्यलाई सराहना भएमा सुनमा सुगन्ध हुने थियो ।

नेपालमा घरानाको सम्बन्धमा सीतार विधा अग्रस्थानमा रहेको विभिन्न पुस्तकहरूमा उल्लेख गरिएको छ । रेग्मीघरानाको सितार वादनको प्रभाव उदाहरणको प्रस्तुत गरिएको छ । बि.सं. २०३४ *'सङ्गीताञ्जलीको पत्रंपुष्पं'* 'च' पृष्ठमा साधनाको फलस्वरूप नेपालमा सितार वादनको घराना नै तयार गर्ने श्री देवचन्द्र रेग्मी भनी उल्लेख गरिएको छ । बि.सं. २०१७ सालमा कलकत्ता स्थित उस्ताद बेलायत खानको निवासमा देवचन्द्र रेग्मीले सितार वादन शैलीद्वारा खाँ साहब प्रभावित भएकाथिए (भण्डारी,२०५८) । नेपालमा सितार विधाका रेग्मी घरानाका प्रथम व्यक्ती देवचन्द्र रेग्मीले सेनिया एवं प्यार खान घरानाका पण्डित पन्नालाल शर्मासँग वीणा र सितारको २० वर्ष तालीम प्राप्त गरेका थिए (Regmi, 2003) । नेपालमा सितार विधाको प्रगतिमा देवचन्द्र रेग्मीको ठुलो योगदान रहेको छ (Madhyama, 2020) । श्री देवचन्द्र रेग्मीले श्री पन्नालालसँग सितार विद्या सिक्नु भएको हुनाले पन्नालाल घरानाका शिष्य खलक कहलाउनु हुन्थ्यो । देवचन्द्र रेग्मीका वंशज पनि सितार वादनमा प्रख्यात छन् भनी तेज केशरीउपाध्याय(२०६६ ) ले आफ्नो लेखमा उल्लेख गर्नुभएको छ । नेपालमा वर्तमान समयमा रेग्मी घरानाका अलावा निम्न ६ वटा सांगीतिक परिवार घराना निम्न रहेकाछन् ।

क) मिश्र घराना - गायन, तबलावादन एवं नृत्य
ख) भण्डारी घराना- वाद्यवादन
ग) श्रेष्ठ घराना - वाद्यवादन
घ) शर्मा घराना - गायन
ङ) ढकाल घराना -गायन
च) तण्डुकार घराना - गायन

उल्लेखित घरानाहरू मध्ये नेपालमा हाल रेग्मी, मिश्र, शर्मा एवं तण्डुकार घराना अस्तित्वमा रहेका छन् (Regmi, 2003) । तण्डुकारघराना अन्तर्गत धेरै लामो समयदेखि सङ्गीतमा आफ्नो कौशल प्रस्तुत गर्दै आउनु भएका स्व. उस्ताद भाजुबीर तण्डुकारका अरू पुस्ताहरू पनि सङ्गीतका सबै विधामा पोख्त रहेका थिए (तण्डुकार, सन् २०२०) ।

## रेग्मी घरानाका विशेषताहरु:

सेनिया घरानासँग तालीमप्राप्त देवचन्द्र रेग्मीका वंश परम्परा अन्तर्गत वर्तमानमा रेग्मी घरानाको नामबाट प्रसिद्ध रहेको छ । रेग्मी घरानाको विशेषताहरूको अध्ययनको क्रममा त्रिभुवन विश्वविद्यालय अन्तर्गत ललित कला केन्द्रीय बिभागमा प्राप्त सङ्गीत विषयमा भएको स्नातकोत्तरतहको सोधग्रन्थ *Gharanaa in classical music with special reference to Regmi gharanaa*, सन् 2012 को पृष्ठ 41–42 मा सुवासचन्द्र गिरीद्वारा उल्लेखित विशेषता निम्न रहेका छन् । प्राचीन गायन शैली ध्रुपदसँग मिल्दो-जुल्दो यस घरानाको रचना स्थाई ,अन्तरा, संचारि एवं आभोग गरी चार खण्डमा विभक्त भएको हुने गर्दछ ।

क) यस घरानाको वादन प्राकृतिक षडज (सा) बाट हुने गर्दछ ।
ख) २-४ आवर्तन सम्मको घरानेदार बन्दिज नामाकरण गरिएको गत द्रुत लयमा वादन गरिन्छ ।
ग) वादनमा आड,कुआडलयकारिको प्रयोग हुने गर्दछ ।
घ) मधुरतमवादनको लागि प्रख्यात यस घरानामा रचनाहरूको वादनमा स्वर माधुर्यलाई प्राथमिकता दिइने गरिन्छ ।

नेपालमा अरु विधाका सङ्गीत घरानामा रहेका विशेषता बारेमा एम.फिल/पी.एच.डी.को कक्षामा भएको छलफलमा प्रा.डा.ध्रुबेशचन्द्र रेग्मीका (४/११/२०७८) भनाई अनुसार सङ्गीत गायन एवं वादनका सबै विधामा

Open Access

दक्षताप्राप्त कलाकार उत्पादन नै श्रेष्ठघरानाको प्रमुख बिशेषताको रूपमा हेर्न सकिन्छ । गायनका क्रममा आवाजमा जोडदारीपन तण्डुकार घरानाको बिशेषता मान्न सकिने बताएका छन् ।

## समस्याहरु

नेपालमा अस्तित्वमा रहेका सङ्गीतका अरु घरानाहरुमा रहेका विशिष्ट शैलीको शोध हुन बाँकी रहेको छ । भविष्यमा शोधार्थीद्वारा त्यस विषयमा शोधकार्य हुनसकेमा बिषय प्रतिको अझ ज्ञानवृद्धि हुने थियो । घरानालाई अझ गहन रूपमा अगाडि बढाउन नयाँ पिँढीलाई हौसला पनि प्राप्त हुने थियो । सङ्गीतका विद्यार्थीलाई त्यस बारेमा बताउन एवं लिखित रूपमा प्रस्तुत गर्न गौरव लाग्ने थियो । नेपालमा रहेका घरानाका बारेमा शोधकार्यप्रति सङ्गीतका विद्वान्हरूका साथै शोधार्थीको चासोको विषय बन्नुपर्ने देखिन्छ । लेख तयार भएको अवस्थासम्म निम्न कुराहरूमा अझ ध्यान पुऱ्याउन सकेमा नेपालमा रहेका घराना एवं त्यसअन्तर्गत भएका कार्यको बारेमा अन्तर्राष्ट्रिय तहमा सबैलाई जानकारी हुने थियो ।

क। विधिवत अझ खोज गरी घरानाको अवधारणा अनुसार कार्य गर्न सुरूवात ।
ख। घरानाको विस्तृत विवेचना सर्वसुलभ जानकारी गराउने ।
ग। भविष्यमा त्यस घरानालाई सुरक्षित गर्न नवप्रतिभाहरूलाई शिक्षाको प्रबन्ध ।
घ। अन्तराष्ट्रिय रूपमा मान्यता दिलाउन पहल कदमी ।
ङ। नेपालमा सङ्गीतका पुराना कलाकारहरूको वादन सर्व सुलभ रूपमा प्राप्त नहुनु ।

## वर्तमान समयमा घरानेदार शिक्षाको महत्व

वर्तमान समयमा प्रचलनमा रहेका संस्थागत रूपमा प्रदान गरिने सङ्गीत ज्ञानबाट घरानेदार कलाकारको निर्माण सम्भव रहेको हुँदैन । घरानेदार तालिम अन्तर्गत एउटा रचनालाई सम्पूर्ण रूपमा वादन गर्नका लागि गहन सोच, परिश्रम आदिको आवस्यकता पर्ने गर्दछ (मराठे, सन् १९९१) । शास्त्रीय सङ्गीतमा क्रियात्मकताका आधारमा घरानाको शूक्ष्म जानकारी प्राप्त गर्न सकिन्छ । अध्येता (सन् २०१०-२०१५) भारतको उत्तर प्रदेश लखनऊ स्थित भातखण्डे अभिमत विश्वविद्यालयमा तबला अध्यनको क्रममा रहेको अवस्थामा बनारस बाट आएका एकजना तबला वादकको वादन देख्दा अचम्म लागेको थियो । त्यस समयमा कक्षामा ९ छात्रामा गुरुजीद्वारा सिकाएका केही विस्तारशील रचनाको वादन भइरहेको थियो । बनारसबाट आएका वादकले त्यस तालमा तुरुन्त गरेको प्रस्तुति सुनेर कसरी त्यस्तो कला सबैलाई किन नआएको होला? भनी गुरुजीसंग सोध्ने क्रममा उहाँले संस्थागत र घरानेदार तालिममा रहेको फरक यही हो भन्नु भएको थियो । संस्थागत एवं घरानेदार पद्धतीमा तालिमको प्रक्रिया फरक हुने रहेछ भन्ने यस बाट जानकरी हुन्छ । गायक उल्हास कशालकरले एक समारोहमा आफु स्नातकोत्तरमा स्वर्ण पदक प्राप्त गरे पनि घरानेदार गायकि र आफ्नो गायकि बीच अन्तर भएकोले सोहि रचना ४-५ पटक गुरुजीमार्फत सुनेपछि मात्र घराना अनुरुप गायन गर्न सक्षम भएको भनि व्यक्त गरेका छन् (Parikh, 2018) । माथिका तथ्यका आधारमा सङ्गीतका हरेक विधाहरूमा घरानेदार पद्धति अनुसार तालिमप्राप्त भएमा मात्र स्वादपूर्ण प्रस्तुति सम्भव रहेको छ भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

जति धेरै विभिन्न घरानाको वादनशैलीको बारेमा ज्ञान हुने गर्दछ मानिसमा कार्य कुशलता,नम्रता एवं भावनात्मक एवं संगीतात्मक रूपमा सहकार्य गर्न सहज हुने गर्दछ । विश्व प्रसिद्ध भारतीय तबला वादक उस्ताद जाकिर हुसैनको अभिव्यक्ति एवं वादनशैलीलाई ध्यान पूर्वक अवलोकन गरेमा यसको अनुभव हुने गर्दछ (Bhatt, 2018) । वर्तमान समयमा नेपाल एवं भारतमा शास्त्रीयसङ्गीत अन्तर्गत विभिन्न विधाका प्रतिष्ठित कलाकार निश्चित घरानामा तालीम प्राप्त गरेको देख्न सकिन्छ । त्यस प्रकार घरानामा सम्यक प्रकारबाट तालिम ग्रहण गर्ने व्यक्तिको कुशाग्रबुद्धि, अप्रतिम कौशल, लगन, नियम, तिब्रस्मरण एवं आस्था आदि लक्षणका कारण उत्पादन भएको शिष्य उच्चकोटिको कलाकार बन्दछ (मराठे, सन् १९९१) । घरानामा सिकेका कलाकारहरु आफूलाई खानदानी भन्न रुचाउने गर्दछन् (मराठे, सन् १९९१) । संस्थागत शिक्षाको वर्तमान समयमा आफ्नो विषयमा प्रमाण-पत्रका लागि कलाकार भैसकेकाहरू पनि कुनै विश्वविद्यालयमा संस्थागत शिक्षा लिने प्रचलन छ । तबलावादीका श्री रिम्पा शिवा, नेपालका तबला वादक श्री अनन्त प्रजापतिकी सहपाठी रहेकी थिइन्, तबला वादक यशवन्त वैष्णव इन्दिरा सङ्गीत विश्वविद्यालय, खैरागढमा अध्ययनरत रहेका आदि यसका उदाहरण हुन् । कुनै एउटा घरानामा ७ देखि १० वर्षसम्म शिक्षा ग्रहण गर्नु अपरिहार्य मानिएको छ (Bhatt, 2018)। त्यस प्रकारको तालिमले त्यस घरानाको विचारधारामा, तरिका एवं सौन्दर्यतामा प्रवीणता प्राप्त हुने गर्दछ । यस प्रकारबाट शिक्षाप्राप्त गरेको विद्यार्थीले अरू घरानाको सूक्ष्मता

एवं फरक अझ राम्रोसंग आत्मसात गर्न सक्ने हुन्छ । विभिन्न घराना अन्तर्गत शिक्षा प्राप्त गरेका शिक्षार्थिहरुको सङ्गीत सभाहरूमा प्रतिष्ठा राम्रो हुने गरेकोछ ।

**गण्डा(नाडा)बन्धन**

प्राचीन कालमा वा घरानाको सुरूवातपछि गुरु वा उस्तादमा भएको कलाको सम्पूर्ण शिक्षा प्राप्त गर्नका लागि गण्डा, नाडाबन्धन गर्ने प्रचलन रहेको प्राप्त हुन्छ । यस प्रक्रियामा संलग्न हुनका लागि के-के प्रक्रिया छन् एवं के कसरी यसको महत्व मानिएको छ? भन्ने सन्दर्भमा उल्लेख गरिएको छ । चार विभिन्न प्रकारका धागो एकै ठाउँ जम्मा गरी बाँधिने रक्षा बन्धन जस्तैहुने गर्दछ । पण्डित सुरेश तल्वल्करका अनुसार सङ्गीतमा शास्त्र, तन्त्र, विद्या एवं कला गरी चार अङ्ग हुने गर्दछ (Parikh, 2017) । चारै प्रकारबाट विद्या प्रदान गर्नका लागि हातमा रक्षा बन्धन गरी नियुक्त गरिने क्रिया नै गण्डा बन्धन हो । आफ्ना शिष्यहरूमध्ये सबैभन्दा उत्तम शिष्यलाई गुरुले गण्डा बन्धन गर्ने परम्परा रहेको छ । यस प्रकारका शिष्यबाट आफ्नो विद्या अगाडि बढ्ने विश्वास लिने गरिन्छ । पुरानो समयमा सङ्गीतका कुनै पनि विद्वान गुरुहरूले गण्डा बन्धन गर्न शिष्यको धेरै समय निरीक्षण गर्ने प्रचलन रहेको थियो "दूध दूध दिया अब क्रिमके लिए गण्डा बन्धन करो तब मिलेगा" भन्ने गर्दथे (Parikh, 2018)। भारतमा शाश्त्रीय सङ्गीतको क्षेत्रमा गण्डाबन्धन गर्ने प्रकृया शिष्यलाई विशेष प्रकारले शिक्षाका दिनका लागि तयार पार्ने उद्देश्यका गरिन्छ भने गण्डा बन्धनमा सामेल हुन पाउनु विद्यार्थीको लागि सम्मान र गर्व गर्ने विषय बन्ने गर्दछ । तर नेपालमा बिभिन्न घरानाहरु विद्यमान देखिए ता पनि गण्डाबन्धन भने हुने गरेको तथ्य चाँहि कहिँ कतै उल्लेख नै भेटिएन । हालको समयमा पनि शास्त्रीय सङ्गीतमा गण्डा बन्ध शिष्यलाई विशेष प्रकारले शिक्षाका साथै सम्मान प्रदान गर्ने प्रचलन रहेको छ । डा.मनोज कुमार मिश्र, लखनउसँग गरिएको साक्षात्कारका उत्तरका अनुसार पुरानो समयमा आफ्नो उत्तराधिकारी शिष्यलाई सिना-व-सिना तालिम दिनका लागि विशेष उत्तरदायित्व बहन गर्दै तालिम दिने परम्परा नै गण्डा बन्धन हो । जब गण्डाबन्धको कार्यक्रम सकिन्छ तब प्रसादको रूपमा सक्खर एवम् चना गुरु र शिष्यले एक आपसमा खुवाउने चलन छ । गुरुले शिष्यलाई खुवाउनु हुन्छ तब उसलाई आफ्नो छोरा जस्तै मानी उसको शिक्षा एवं भरण पोषणको दायित्व निर्वाह गर्ने प्रण लिनुहुन्छ । चेलाले खुवाँउदा गुरुको अन्तिम अवस्थामा सहारा बनेर सेवा गर्ने प्रण गर्दछ (श्रीवास्तब, सन् २०१७) । कुनै विशेष लक्षण भएको विद्यार्थी जसको तीक्ष्ण बुद्धि, लयको प्राकृतिक सुझबुझ आदि कुरालाई ध्यानमा राखी कुनै विशेष दिनमा सङ्गीतका विभिन्न विधाका विद्वानहरुका एवं शुभचिन्तक मानिसहरुको उपस्थितिमा विशेष पूजा गरी दाहिने हातमा धागो बाँधी आज देखि गण्डाबन्ध शिष्य भयो भनी जानकारी पनि दिने गरिन्छ । प्रसादको रूपमा चना एवं सक्खर खान दिने गरिन्छ (Parikh, 2018) । "*मुझे गुड ओर चना खिलाया गया ओर मुझसे यह कह गया कि आजसे तुम बेगम अख्तर कि शिष्या हो*" (मिश्र, सन् 2019)ले ले पनि लेखेका छन् । उल्लेखित तथ्यका आधारमा कुनै पनि घरानाको सम्पूर्ण रूपमा तालिम ग्रहणगर्नका लागि शास्त्रीय सङ्गीत विधामा गण्डाबन्धनको महत्वपूर्ण स्थान रहेको स्पष्ट हुन्छ ।

**निष्कर्ष**

ऐतिहासिक विभिन्न पुस्तक, लेखहरूको आधारमा हेर्ने हो भने भारतमा परम्परागत रूपमा शास्त्रीय सङ्गीत शिक्षण हुने गरेको देख्न सकिन्छ भने मध्यकालपछि मात्र घरानाको अवधारणा विकाश भएको पाइन्छ । नेपालमा शास्त्रीय सङ्गीतका सबै विधापरापूर्वकालदेखि नै परम्परागत रूपमा नै अगाडि बढेको पाइन्छ । वर्तमान समयमा त्यस परम्परामा रहनु भएका संगीतकर्मीहरूद्वारा घरानाको अवधारणा अगाडि बढाउनु भएको देख्न सकिन्छ । अनुसन्धानका क्रममा नेपालमा शास्त्रीय सङ्गीतका सबै विधामा उच्च कोटिका कलाकारहरुले घरानामा सम्यक प्रकारसंग विद्या आर्जन गर्नु भएको तथ्यप्राप्त भएको छ । नेपालमा घरानाको अवधारणा भारतमा भन्दा केही फरक किसिमले परिभाषित भएको हो कि भन्न सकिने अवस्था पनि रहेको छ । कुनै पनि घरानामा प्रवेश हुनको लागि गण्डाबन्धनको आवश्यकता भारतमा झैं नेपालमा नपर्ने देखियो । हाल यहाँ सक्रिय रहेका केहि संगीत घरानाहरुले आफुलाई एऊटा अलग घरानाको रुपमा निरन्तरता दिन तथा अहिलेको समयमा एवं निस्क्रिय भईसकेका यहाँका केहि सङ्गीत परम्पराहरुले कालान्तरमा घरानाको रूपमा मान्यता प्राप्त गर्नका लागि विशेष प्रकारबाट सोच्नु एवं कार्य हुनु अनिवार्य र अपरिहार्य देखिन्छ । त्यसतर्फ घरानेदार विद्वान्हरूको ध्यानाकृष्ट भएमा अझ उत्कृष्ट हुने थियो । नेपालमा शास्त्रीय सङ्गीतमा घरानाको विशेषता बारेमा निरन्तर खोज कार्य भएमा अन्तराष्ट्रीय रूपमा यसलाई पहिचान दिलाउन सकिने देखिन्छ । त्यसतर्फ घरानेदार विद्वानहरू एवम् अनुसन्धान कर्ताहरूको ध्यानाकृष्ट हुनु पनि जरुरी छ ।

## सन्दर्भ सूची


उपाध्याय,तेज केशरी, (बि.सं,२०६६).वैजयन्ती, भदौ,मंसिर,*सवनाम धन्य शेषराज शर्मा रेग्मिज्य' को सक्षिप्त जीवन चरित्र,* शब्दार्थ प्रकाशन ।

ओभ्रैया, प्रेमचन्द्र (२०५४) *ताल सरोवर,* ललितपुर, कलानिधि इन्दिरा सङ्गीत महाविद्यालय ।

तण्डुकार, सरोजिनी(सन् २०२०).नेपाली शास्त्रीय सङ्गीतमा तण्डुकार घराना. *NUTA Journal*, 149-160.

पाटणकर, सुमन, (सन १९८२).*हमारा संगीत,*बुलन्दशहर, संगीत कला केन्द्र ।

भण्डारी, अच्युत राम, (बि.सं.२०५८). *तालानन्द,* काठमाण्डौ,आर.डी.एन.पब्लिकेसन्स.

मराठे,भाल चन्द्र राव, (१९९१),*ताल वाद्य शास्त्र,* ग्वालियर:शर्मा पुस्तक सदन ।

मिस्त्री, आवान ई.,(सन् २०००). *तबला और पखावज के घराने एवं परम्पराएँ,* मुम्बई, स्वर साधना समिति ।

वसन्त,(सन् २०१०). *संगीत विशारद,* हाथरस: संगीत कार्यालय ।

श्रीवास्तब,गिरिश चन्द्र, (सन् २०१०). *ताल परिचय,* इलाहाबाद: रुबी प्रकाशन ।

श्रीवास्तब,गिरिश चन्द्र,(सन् २०१०). *ताल परिचय ,* इलाहाबाद:रुबी प्रकाशन।

श्रीवास्तब,गिरिश चन्द्र,(सन् २०१७). *ताल कोष,* इलाहाबाद: रुबी प्रकाशन।

BABA the School of Music (2021). Pt.sharadasahaiji speaking about banaras gharana and tabla, 2021, Feb 4,https://youtu.be/9ryYTfJt8hA.

Bhatt, Soham, (2018, April 09). Are Tabla Gharanas_relevant_today .Sruti Magazine at Monday, April 09, 2018 India.

Giri, Subash Chandra, (2012). Gharanaa in classical music with special reference to Regmi gharanaa, lalit kala center deprtment, kritipur, Kathmandu.

Itc, Sangeet Research Academy. (2001, June 25). Gharana . Retrieved 01 03, 2022, from Google: https://www.itcsra.org/Gharana.aspx

Kumar, A. (2013). Bharat Ke Pratishthit Sitarvadak. Chandigarh: Unistar Books pvt.ltd.

Learn Quest Academy of Music Youtube Channel: Pt Anindo Chatterjee talking about various Gharanas. (2018, Oct 02). You tube. Retrieved on Jan. 03, 2022 from https://youtu.be/dlmXRR8x5qQ

Mishra, M. K. (personal communication Nov, 30th, 2021). Lucknow, India.

Mishra, Y. (2019). *Akhtari: Soj aur saaj kaa afasana*. India: Vani Prakashan.

Parikh, A. (2018, Feb 18). Baithak. Retrieved 01 03, 2022, from Youtube: https://youtu.be/LsjQP97h1gM

Parikh, A.(2018, Nov 06). Baithak. Retrieved 01 03, 2022, from Youtube: https://youtu.be/pL2Rq7cnhzM

Parikh, A. (2017). Baithak. Retrieved 01 03, 2022, from Youtube : https://youtu.be/UHx-_61KrJE

Pokharel, R. (2019). Classical Music in the Shah and Rana Era: 1768 - 1951 A.D. SIRJANĀ – A Journal on Arts and Art Education,, 6, 62–71.

Regmi, D. C. (2003, JULY). The history of music in Nepal with special reference to classical music during the rana period1846_1951A.D. Delhi University, India.

Saayami, P. (2016, March 24). https://m.facebook.com. Darjeeling Times .com Darjeeling News.

Shah, S. (personal communication Oct, 4th, 2021). Banaras, India.

Swar Madhyama (2020, sept 21). Facebook. Retrieved 12 29, 2021, from https://www.facebook.com/watch/100049553241295/?__tn__=F /https://fb.watch/ad3fvQs1kA/

Traditions, U. R. (2008, August 22-23). Ektara India. Retrieved on Jan. 03, 2022 from Youtube: https://youtu.be/z2bfIgHc1Ss